"स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलन विन्दु कमलामाई नगर"

# कमलामाई नगरपालिका

## नगरसभाको १६ औं अधिवेशनको प्रथम सभा

## आर्थिक वर्ष २०८२/८३ को बजेट बक्तव्य

मिति २०८२/०३/१० गते मंगलबार

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुली

**कमलामाई नगरपालिका, नगरसभाको पन्ध्रौं अधिवेशन वैठकका अध्यक्ष एवं प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभामा उपस्थित नगरसभा सदस्यज्यूहरु, उपस्थित नगरपालिकाका कर्मचारीहरु, सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।**

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम कमलामाई नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय सभा समक्ष कमलामाई नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समृद्धिका लागि आफ्नो जीवनको आहुती गर्नु हुने अमर शहीदहरू प्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्दै विभिन्न राजनैतिक/समाजिक आन्दोलनका क्रममा घाइते हुन पुगेका नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । आजको यस संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ राजनीतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक आभार र सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संविधानले परिकल्पना गरेको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य अनुरुप **समृद्ध कमलामाई नगरपालिका, सुखी नगरवासी**को आकांक्षा पूरा गर्न कमलामाई नगरपालिकाको आर्थिक, सामाजिक रुपान्तरणका लागि सामाजिक न्याय र आर्थिक समृद्धिको मार्गमा अगाडि बढ्न दिशा निर्देश गरेको छ ।

४. यस बजेटले नगरपालिकाको आर्थिक गतिविधिमा देखिएका चुनौतीहरुको सम्बोधन गर्न उत्पादन, रोजगारी र आम्दानीका क्षेत्रहरुमा केन्द्रित गरी नगरपालिकाका नागरिकमा विकास र समृद्धिको आशा पूरा गर्ने आत्मविश्वास जगाउँने दस्तावेजको रुपमा लिइएको छ ।

५. नगरपालिकाले वडागत बजेट विनियोजनलाई उच्च प्राथामिकता दिदै आएको छ र यस वर्ष पनि यसलाई निरन्तरता दिइएको छ । जनताले नजिकबाट महसूस हुने गरी बजेट विनियोजन, कार्यान्वयन र अनुगमनमा जनसहभागिताको सुनिश्चितता गराउँनेछ र विकास प्रति अपनत्व बढाउँनेछ भन्ने मैले आशा एवं विश्वास लिएको छु ।

६. नगरपालिकाले विभिन्न विषयगत एवं शाखागत बजेट विनियोजन गरेको छ । यस प्रकारको बजेटको प्रभावकारी कार्यान्वयन गर्नका लागि म सबै शाखा, उपशाखा र इकाईहरुलाई सरोकारवाला तथा सम्बन्धित वडा कार्यालयहरुसँग समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा बजेट कार्यान्वयन गर्न जोड दिन चाहन्छु । यसको प्रभावकारिताको पृष्ठपोषण लिदै आउँदा दिनमा थप व्यवस्थित गर्दै लगिनेछ ।

७. नगरपालिकाले आफ्नो श्रोत साधनको उच्चतम उपयोगमा प्राथामिकता दिदै आएको छ । बढ्दो चालु खर्चको बावजुत पनि नगरका प्राथमिकताका कार्यक्रमहरुमा बजेट विनियोजन गरिदै आइएको छ । यस प्रकारको कार्यक्रमबाट दीगो विकास र समृद्धिमा निरन्तर टेवा पुग्ने अपेक्षा लिइएको छ । चालु र प्रशासनिक खर्चको बढ्दो दवावलाई नियन्त्रण गर्न प्रशासनीक सुधारलाई प्राथाकिता दिइनेछ ।

८. आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, आर्थिक वर्ष २०८२/८३ को नगरको नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट, सोह्रौ योजना र चालु आर्थिक वर्षमा बजेट कार्यान्वयनको अवस्था समेतलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय र सवै सभा सदस्यज्यूहरु, कर्मचारी परिवार, विभिन्न संघसंस्था, सञ्चार जगत, नगरवासीका सुझावहरुलाई समेत ध्यान दिइएको छ ।

९. यस सम्मानित नगरसभामा बजेट तथा कार्यक्रम सँगै विभिन्न आन्तरिक राजश्वका दरहरु समेटिएको आर्थिक विधेयक र खर्च व्यवस्थापनका लागि विनियोजन विधेयक समेत प्रस्तुत गरिनेछ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

१०. अव म यस सभासमक्ष चालु आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाको आम्दानी र खर्चको समग्र अवस्था र बजेट कार्यान्वयको मितिः २०८२ साल असार १० गतेसम्मको स्थितिलाई संक्षिप्तमा राख्ने अनुमती चाहन्छु ।

*आम्दानी तर्फ*

११. चालु आर्थिक वर्षको पछिल्लो संशोधित बजेट १ अर्व ३५ करोड ८९ लाख ५५ हजार रहेको छ । जसमा असार १० गते सम्म १ अर्व २० करोड ०४ लाख ५५ हजार २ सय ६५ प्राप्ति भएको छ । कुल बजेटको ८८.३३ प्रतिशत आम्दानी प्राप्त भएको देखिन्छ ।

१२. संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानको ९१.७६ प्रतिशत मात्र निकाशा प्राप्त भएको छ । प्रदेश सरकारबाट प्राप्तहुने वित्तीय समानिकरणको रकम सवै प्राप्त भएको छ । त्यस्तै संघीय राजश्व बाँडफाँड बापत रु. १७ करोड ७४ लाख प्राप्त हुनु पर्नेमा रु. १३ करोड ७८ लाख ४६ हजार प्राप्त भएको छ । प्रदेश सरकारबाट सवारी कर बाँडफाँड भई आउँनेमा वार्षिक रु. १२ करोड ५३ लाख अनुमान गरिएकोमा रु. ९ करोड ३६ लाख प्राप्ति भएको छ । त्यस्तै, स्थानीय राजश्व बाँडफाँड अन्तर्गत ढुंगागिट्टी, बालुवा, मनोरञ्जन कर, विज्ञापन कर र मालपोत रजिष्ट्रेशन समेतको रु. ६ करोड ४४ लाख आम्दानी प्रक्षेपण गरिएकोमा ३ करोड ३४ लाख प्राप्त भएकाले यसमा लक्ष्य अनुसार प्राप्ति हुने अवस्था देखिदैन । नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक आयश्रोत तर्फ ८ करोड पचहत्तर हजार अनुमान गरिएकोमा ५ करोड २७ लाख ९३ हजार अर्थात् ६५.९३ प्रतिशत मात्र प्राप्ति भएको छ । र यो तथ्याङ्कलाई हेर्दा आन्तरिक आयको लक्ष्य प्राप्तिमा कठिनाई देखिएको छ ।

*खर्च तर्फ*

१३. चालु आर्थिक वर्ष २०८१/८२ को असार १० गते सम्म नगरपालिकाको अनलाईन विधुतिय तथ्यांक सुत्र सफ्टवेयर अनुसार कुल बजेट १ अर्व ४५ करोड ८९ लाख ५५ हजार रहेको र चालु तर्फ विनियोजन ९२ करोड ५९ लाख ७३ हजार र पूँजिगत तर्फ ४२ करोड ४९ लाख

८१ हजार रहेको छ । र  हाल खर्च भएको प्रतिशतमा चालु तर्फ ८०.४ प्रतिशत र पुँजिगत तर्फ ४४.९ प्रतिशत खर्च भएको छ । यसमा चालु तथा पुँजिगत दुवै गरी कुल खर्च प्रतिशत ६८.८२  प्रतिशत रहेको छ ।

१४. नगरपालिकाले बजेट विनियोजन गरेका केही महत्वपूर्ण क्षेत्रहरुमा सबै भन्दा बढी शिक्षकहरुको तलब भत्ता समेतलाई गणना गर्दा शिक्षा क्षेत्रमा बढी लगानी गरेको देखिन्छ । जसमा शिक्षा क्षेत्रमा ५६ करोड ६० लाख बजेट बिनियोजन भएकोमा ४६ करोड ५८ लाख खर्च भई सकेको छ । यसरी ८२.३ प्रतिशत शिक्षा क्षेत्रको वित्तीय प्रगती रहेको छ । दोश्रोमा विभिन्न पूर्वाधार विकास कार्यक्रममा २७ करोड ५८ लाख नगरपालिकाले लगानी गरेको देखिन्छ । जसमा १३ करोड २५ लाख खर्च भई सकेको छ जसको वित्तीय प्रगती ४८.०७ प्रतिशत रहेको छ । तेश्रोमा नगरपालिकाले कार्यालय संचालन तथा प्रशासनीक खर्चमा २७ करोड २४ लाख बजेट बिनियोजन गरेकोमा २० करोड ६७ लाख खर्च भई सकेको छ  । यसमा वित्तीय प्रगति ७५.८८ प्रतिशत रहेको छ । चौथोमा स्वास्थ्य रहेको र यसमा ५ करोड ०७ लाख १७ हजार बजेट बिनियोजन गरिएकोमा ४ करोड ३४ लाख ५३ हजार खर्च भई सकेको छ । यसको वित्तीय प्रगती ८५.६८ प्रतिशत रहेको छ । यसै गरी पाँचौंमा खानेपानी तथा सरसफाई तर्फ ३ करोड ९४ लाख ९८ हजार बजेट बिनियोजन गरिएकोमा १ करोड ८५ लाख ६२ हजार खर्च भई सकेको छ । यसको वित्तीय प्रगति ४७ प्रतिशत रहेको छ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

१५. अव म नगरपालिकाको वित्तीय व्यवस्था तथा वजेट कार्यान्वयनमा देखिएका चुनौतीहरु तथा अवसरहरुको उल्लेख गर्ने अनुमती चाहन्छु ।

१६. नेपालको संविधान प्रदत अधिकार र कानुनहरु, साझा अधिकार सूचिमा रहेका अधिकार कार्यान्वयनका कानूनहरु संघ , प्रदेशबाट समयमै नबन्दा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको काम गर्न कठिनाई भएको छ । र बनेका कानूनहरु समेत प्रभावकारी ढंगले कार्यान्वयन गर्न नसक्दा सुशासन र सेवा प्रवाहमा नागरिकले अपेक्षा गरे अनुसार पूरा हुन सकेको छैन ।

१७. नगरपालिकाको बजेट निर्माणमा आन्तरिक श्रोतको हिस्सा न्यून रहेको छ । आन्तरिक श्रोतलाई बढाउँने प्रयास निरन्तर भैइरहेतापनि पनि आशातित सफलता हासिल हुन सकेकको छैन । संघीय सरकारले र प्रदेश सरकारले पठाउँने वित्तिय समानिकरण अनुदान र राजश्व बाँडफाँडको रकम माथि नै ज्यादा निर्भर भै बजेट निर्माण गर्नु परेको यथार्थता छ भने संघीय सरकार र प्रदेश सरकारले पठाउँने प्रतिवद्धताको रकम समेत नपठाउँदा हाम्रा विकास निर्माण र प्रशासनीक कार्यहरु प्रभावित हुने गरेका छन ।

१८. बजेट विनियोजनमा साना खुद्रे योजना भन्दा ठूला योजना जसबाट दीगो प्रतिफल हासिल हुन सकोस । त्यस किसिमका योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजनलाई प्राथाकितामा राख्न सकिएको छैन । साना साना योजनाहरुको प्रभावकारी अनुगमन मूल्याँकनमा समेत चुनौती रहेकाले म यस तर्फ सवैको ध्यान आकर्षण गर्न चाहन्छु ।

१९. वित्तीय प्रणालीमा चालु तथा प्रशासनीक खर्चलाई कसरी कम गर्न सकिन्छ भन्ने ठूलो चुनौंती रहेको छ , अनुत्पादक क्षेत्रको खर्च घटाई उत्पादशील क्षेत्रमा बजेट परिचालन गर्नु र आन्तरिक आयको हिस्सालाई बढाउनुपर्ने महत्वपूर्ण चुनौतको रुपमा रहेको छ ।

२०. संघ तथा प्रदेश सरकारले स्थानीय तहसँग समन्वय र सहकार्य नगरीकन विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयन हुँदा योजनाहरु दोहोरिने, प्रभावकारी अनुगमन नहुने पालिकाको आवश्यकताहरु वेवास्ता हुने जस्ता समस्याहरु रहेका छन । साझा अधिकार सूचिमा रहेको विपद् व्यवस्थापनमा विपद् प्रतिकार्य, पुनर्स्थापना र विपद्बाट क्षति भएका संरचनाहरुको पुन:निर्माणका कार्यहरुमा समस्या देखिने अवस्था छ । विपद् जोखिम न्यूनिकरणका लागि प्रयाप्त श्रोत, साधन र प्रविधिको व्यवस्थापन तथा जनशक्तिको क्षमता विकास गर्न सकिएको छैन ।

२१. जिल्ला सदरमुकाम समेत रहेको यस कमलामाई नगरपालिकामा बजार एवं शहरी  क्षेत्र समेत प्रयाप्त रहेकाले उत्पादनको बजारीकरण गर्ने र समग्र उत्पादकत्व समेत अभिवृद्धी गर्दै नागरिकहरुको आय आर्जन बढाउँन सकिने अवसरहरु विधमान छन् ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु:**

२२. अव म आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमती चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथामिकताका योजनाहरु निर्धारण गरेकी छु ।

- नगरपालिकाले प्रवाह गर्ने सेवालाई सरल र सहज, चुस्त, दुरुस्त बनाउने खालका योजना तथा कार्यक्रमहरु ।
- उत्पादनमूलक तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना तथा कार्यक्रमहरु ।
- दीगो विकास, बातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउँने योजनाहरु ।
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने योजनाहरु ।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास मार्फत राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउँने खालका योजनहरु ।

२३. यस सम्बन्धमा बजेटका महत्वपूर्ण उद्देश्यहरु तपसिल बमोजिम रहेका छन् ।

- नगरको बजेट कार्यान्वयन बाट उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
- आर्थिक तथा सामाजिक पूर्वाधार क्षेत्रको विकास मार्फत गरिवी न्यूनिकरण गर्ने ।

- जनताको विकासमा पहुँच र अपनत्व अभिवृद्धि गर्ने ।
- उधमशिलताको विकास र आधुनिक प्रविधिको उपयोगमा विस्तार गरी रोजगारी सृजना गर्ने ।
- नगरले सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता ल्याउँने र प्रविधिलाई सेवा प्रवाहमा जोड्ने ।

२४. कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को लागि स्वीकृत भएको वार्षिक नीति तथा कार्यक्रमलाई साकार पार्न *कुल बजेट रु. १ अर्ब २९ करोड ५९ लाख ४० हजार १ सय ६० र पैसा ६६* अनुमान गरिएको छ । यस बजेटको आम्दानीको श्रोत निम्न बमोजिम प्रक्षेपण गरिएको व्यहोरा म सम्मानित सभामा पेश गर्न चाहन्छु ।

- आन्तरिक श्रोतमा अल्या मौज्दात सहित १५ करोड १ लाख ४० हजार अनुमान गरिएको छ , यसमा नगर युवा स्वरोजगार कोषमा रहेका १ करोड ८० लाख मौज्दात रकम समेत जोडिएको छ ।
- वित्तीय हस्तान्तरण भई संघीय सरकारबाट प्राप्त हुने अनुदान रु. ७५ करोड ४९ लाख अनुमान रहेको छ ।
- वित्तीय हस्तान्तरण भई प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु. ८ करोड २० लाख २२ हजार अनुमान रहेको छ ।
- संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड (मुल्य अभिवृद्धी कर र अन्तशुल्क) को रकम रु. १५ करोड ०२ लाख ७४ हजार ५ सय ८३ अनुमान रहेको छ ।
- प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापतको सवारी कर रकम रु. ८ करोड ३४ लाख ६३ हजार ५ सय ७७ अनुमान रहेको छ ।
- विज्ञापन कर ठेक्का बाट रु. ५ लाख ४० हनार अनुमान रहेको छ ।
- वन रोयल्टी बाँडफाँडबाट रु. १ करोड २५ लाख अनुमान रहेको छ ।
- ढुंङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) बाँडफाँडबाट रु. २ करोड अनुमान रहेको छ ।
- मालपोत रजिष्ट्रेशन बाँडफाँडबाट रु. ४ करोड अनुमान रहेको छ ।
- विभिन्न मेला, उत्सवको मनोञ्जन कर रु. १ लाख अनुमान रहेको छ ।
- नगद लागत सहभागितामा हुने कार्यका लागि प्राप्त रु. २० लाख अनुमान रहेको छ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

२५. पेश भएको आय अनुमानलाई आधार मानी महत्वपूर्ण तपसिल बमोजिमका क्षेत्रहरु र विषयहरुमा बजेट विनियोजन गरिएको छ । यसबाट नगरपालिकाले लिएको नीति तथा कार्यक्रमको लक्ष्य प्राप्ति तर्फ बजेट उन्मुख रहने छ भन्ने मैले आशा अनि विश्वास लिएकी छु । बजेटको विस्तृत विवरण विनियोजन विधेयक २०८२ का विभिन्न अनूसुचिहरुमा प्रस्तुत गरिएको व्यहोरा अनुरोध छ ।

*<u>तपसिलः</u>*

क) **नगरस्तरीय महत्वमा राखिएका योजना तथा कार्यक्रमहरुका लागि ९ करोड ९ लाख बजेट विनियोजन गरिएको छ ।** जसमा

- विभिन्न खानेपानी पूर्वाधार निर्माण एवं मर्मतका लागि रु ६० लाख बिनियोजन गरिएको छ ।
- तामाङ स्वर्गद्वारी पहिरो नियन्त्रण कार्यक्रम वडा न ७ रु १० लाख बिनियोजन गरिएको छ ।
- गुम्वा निर्माण रु २० लाख बिनियोजन गरिएको छ ।
- घण्टाघर निर्माण वडा न ६ रु १० लाख विनियोजन गरिएको छ ।
- खम्बेचौर खेलमैदान पूर्वाधार निर्माण वडा न ६ रु ५० लाख विनियोजन गरिएको छ ।
- १ नं वजारमा सडक पेटी निर्माण रु १९ लाख विनियोजन गरिएको छ ।
- कमलामाई मन्दिर पूर्वाधार विकास रु २४ लाख विनियोजन गरिएको छ ।
- कमलामाईशिर पूर्वाधार विकास कार्यक्रम रु २० लाख विनियोजन गरिएको छ ।
- गौतमी गुफा पूर्वाधार विकास कार्यक्रम रु ३९ लाख विनियोजन गरिएको छ ।
- सरस्वती छाँगा पूर्वाधार विकास रु १० लाख विनियोजन गरिएको छ ।
- चियाबारी त्र्यम्वकेश्वर मन्दिर पहुँच मार्ग रु २० लाख विनियोजन गरिएको छ ।
- फिटिङ्ग भिरगाँउ सिरुडाडा सडक रु २९ लाख विनियोजन गरिएको छ ।
- बर्देउटार देविथान थाक्ले निगुरे खोला कल्भर्ट निर्माण रु २९ लाख विनियोजन गरिएको छ ।
- मच्छेनी खयर साल वेल्टार सडक स्तरोन्नती १९ लाख विनियोजन गरिएको छ ।
- गौमती मा.वि. पूर्वाधार विकास रु २० लाख विनियोजन गरिएको छ ।
- फोस्रेटार मा.वि. पूर्वाधार विकास रु १५ लाख विनियोजन गरिएको छ ।
- जनजागृती मा.वि. भिमान पूर्वाधार विकास रु २० लाख विनियोजन गरिएको छ ।
- सिलामे मा.वि. पूर्वाधार विकास २० लाख विनियोजन गरिएको छ ।

- गुरासे प्रा.वि. पूर्वाधार विकास ७ लाख ५० हजार विनियोजन गरिएको छ ।
- केरावारी प्रा.वि पूर्वाधार विकास ७ लाख ५० हजार विनियोजन गरिएको छ ।
- करकरे मा.वि. स्कुल भ्यान खरिद रु २० लाख विनियोजन गरिएको छ ।
- चन्दनपुर खिरखिरे दोभान तटबन्धन रु ७ लाख ५० हजार विनियोजन गरिएको छ ।
- ग्वाङ कोरिडोर जोड्ने शाखा सडक रु २९ लाख विनियोजन गरिएको छ ।
- सानोभलुवाही चोरखोला सडक स्तरोन्नती रु २९ लाख विनियोजन गरिएको छ ।
- डाँडाँटोल दोभान रुचानी सडक स्तरोन्नती रु २९ लाख विनियोजन गरिएको छ ।
- सामुदायिक भवन निर्माण ढाक्रेँबास रु १५ लाख विनियोजन गरिएको छ ।
- माझिटार डाँडाँटोल पानिट्याङ्की सडक स्तरोन्नती रु ३० लाख विनियोजन गरिएको छ ।
- मा.वि. बाँझे ट्रस्ट भवन निमार्ण रु १० लाख विनियोजन गरिएको छ ।
- देउराली सातपत्रे धाराभञ्याङ्ग डुन डाँडाँ सडक स्तरोन्नती रु २० लाख विनियोजन गरिएको छ ।
- कमला मा.वि. सभा हल व्यवस्थापन रु ३४ लाख विनियोजन गरिएको छ ।
- कलाघर पूर्वाधार विकास रु १५ लाख विनियोजन गरिएको छ ।
- सिक्रे बाँझे फोक्सिङ सडक स्तरोन्नती रु १२ लाख विनियोजन गरिएको छ ।
- शिवनगर मुल सडक स्तरोन्नती रु २० लाख विनियोजन गरिएको छ ।
- सिन्धुली अस्पताल पछाडि वि.पि. राजमार्गपट्टी संरचना मर्मत रु १५ लाख विनियोजन गरिएको छ ।
- टंसार ज्याम्दु सडक स्तरोन्नती रु ७ लाख ५० हजार विनियोजन गरिएको छ ।
- मदनभण्डारी सडक देखि तल्लो खिरखिरे टोल हुँदै वडा कार्यालय जाने सडक स्तरोन्नती रु १० विनियोजन गरिएको छ ।
- सुनखानी खेल मैदान पूर्वाधार सडक स्तरोन्नती रु १२ लाख विनियोजन गरिएको छ ।
- सिलामे धापसार वेल्टार सडक स्तरोन्नती रु २० लाख विनियोजन गरिएको छ ।
- खट्टार मन्दिर दर्लामी सडक स्तरोन्नती रु १० लाख विनियोजन गरिएको छ ।
- सि.सि क्यामेरा तथा टावर लाईट विस्तार रु ३० लाख विनियोजन गरिएको छ ।
- मरिन सतिघाट पूर्वाधार विकास रु १० लाख विनियोजन गरिएको छ ।
- भिमान लच्का रु ६ लाख विनियोजन गरिएको छ ।

- रुचानी पुच्छारघर माथि मुख्य सडक ढलान रु १५ लाख विनियोजन गरिएको छ ।
- सिन्धुलीगढी पूर्वाधार विकास कार्यक्रम रु ३० लाख विनियोजन गरिएको छ ।
- बसपार्क ट्रस्ट भवन निर्माण रु १५ लाख विनियोजन गरिएको छ
- पुरानो चौकी आगे चपौली सडक स्तरोन्नती रु ९ लाख विनियोजन गरिएको छ ।
- लक्षित वर्गको हित, विकास र उत्थानका कार्यक्रमहरु संचालन गर्न ३० लाख विनियोजन गरिएको छ ।

<u>आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,</u>

**ख) आवश्यक तथा अनिवार्य व्ययभार तथा अन्य विभिन्न क्षेत्रको रुपमा आगामी आर्थिक वर्षका लागि विनियोजन भएका केही महत्वपूर्ण बजेट विनियोजनहरु यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।**

१) संचालन तथा प्रशासनीक खर्चको लागि २७ करोड ७२ लाख बजेट बिनियोजन गरिएको छ ।

२) प्रदेश समपूरकका कार्यक्रमहरुका लागि रु. २ करोड ४० लाख बिनियोजन गरिएको छ ।

३) प्रकोप व्यवस्थापन कोषका लागि रु. ५० लाख बजेट बिनियोजन गरिएको छ ।

४) कर्मचारी कल्याण कोषका लागि रु. २० लाख बजेट बिनियोजन गरिएको छ ।

५) पूँजीगत अनुसन्धान तथा परामर्श कार्यका लागि रु. ३० लाख बजेट बिनियोजन गरिएको छ ।

६) सडक बोर्ड/नेवा लगायत अन्य विविध कार्यक्रमका लागि म्याचिङ्ग कार्यक्रममा रु. ५४ लाख ९० हजार बजेट बिनियोजन गरिएको छ ।

७) फुटकर, चालु र पूँजीगत गरी १ करोड बजेट बिनियोजन गरिएको छ ।

८) १४ वटै वडामा विभिन्न विकासात्मक कार्यक्रमहरु संचालन गर्न प्रत्येक वडाका लागि रु. ९० लाखका दरले १२ करोड ६० लाख बजेट बिनियोजन गरिएको छ ।

९) मर्मत संभार कोषका लागि रु. २० लाख विनियोजग गरिएको छ ।

१०) वित्तीय व्यवस्था साँवा व्याज फिर्ताका लागि रु.६६ लाख विनियोजन गरिएको छ ।

११) नगरपालिकाका विभिन्न शाखाहरु, उपशाखाहरु र इकाइहरुका लागि बजेट सीमा स्वरुप कुल रु. ७ करोड ६० लाख विनियोजन गरिएको छ । जसको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरेकी छु ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

२६. नगरपालिको प्रशासनिक सुधारकासाथ, मितव्ययी र सुशासनयुक्त कार्यक्रमहरु संचालन गर्दा नगरले निर्धारित गरेका लक्ष्य हासिल हुने विश्वास लिएकी छु । हामीबाट सञ्चालित विकासका गतिविधिहरुले समयमानै लक्ष्य हासिल गरी जनअपेक्षा पुरा गर्न हामी जनप्रतिनिधि तथा कर्मचारी सबैको उच्च निष्ठा, प्रतिवद्धता र सकरात्मक सोचका साथ अघि बढ्न आवश्यक रहेको छ ।

२७. नगरपालिकाको अधिकाक्षेत्र भित्र पर्ने विभिन्न विषय, क्षेत्र र क्रियाकलापहरुमा नगरपालिकाले कर लगाउन पाउने, शुल्क दस्तुर लिन पाउने, दण्ड जरिवान लिन पाउने व्यवस्था भए अनुसार आन्तरिक आयश्रोतका विभिन्न करका दरहरु, शुल्क एवं दस्तुरका दरहरु समेटेर कार्यपालिकाबाट पारितभै आएको आर्थिक विधेयक २०८२ यस गरिमामय सभामा यहाँहरु समक्ष पेशभै सकेको छ । यसमा आवश्यक छलफल र स्वीकृतिका लागि पेश गर्न चाहन्छु ।

२८. बजेटको आम्दानी र खर्च समेटिएको विनियोजन विधेयक २०८२, को अनुसूची १ देखि ५ सम्म कार्यपालिकाबाट स्वीकृत भएकोले यस सम्मानित सभामा छलफल र स्वीकृतिका लागि पेश गर्न चाहन्छु ।

*अन्त्यमा,*

२९. सवै नगरवासीलाई नगरको विकास प्रयास र नगरवासीको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउने अभियानमा एकजुट हुन हार्दिक अनुरोध गर्दछु ।

३०. बजेट तर्जुमा प्रक्रियामा साथ र सहयोगका लागि नगरप्रमुखज्यू, सभासदस्यज्यूहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु, सल्लाह, सुझाव र प्रतिक्रिया दिनुहुने सञ्चार माध्यम, विभिन्न संघसंस्था, विकास साझेदार तथा नगरवासी सवै प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस बजेटको सफल कार्यान्वयनमा सवै पक्षहरुको सहयोगको समेत अपेक्षा गरेकी छु ।

**धन्यवाद ।**

**मन्जु देवकोटा**
**नगर उपप्रमुख**
मिति: २०८२/०३/१०